**अनुसूची २**

**(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)**

ढोरपाटन नगरपालिका

# स्थानीय राजपत्र

**ढोरपाटन नगरपालिका द्वारा प्रकाशित आर्थिक ऐन, २०८२**

वर्षः १०    संख्या : १    ढोरपाटन, प्रकाशित मितिः २०८२।०३।१२

भाग–२

**पारित मिति : २०८२।०३।१०**

## ढोरपाटन नगरपलिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावना :** ढोरपाटन नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा संकलनको प्रशासनीक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ढोरपाटन नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:- (१) यस विधेयकको नाम "**आर्थिक ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि ढोरपाटन नगरपालिका भरी लागु हुनेछ।

२. **सम्पत्ति कर**: नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमी कर (मालपोत कर):-** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिमको भूमीकर (मालपोत कर) लगाईने र असुल गरिनेछ।

४. **घर/जग्गा बहाल कर:-** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले ब्यक्तिगत वा व्यवसायीक प्रयोजनमा बहालमा लगाए वापत अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिनेछ।

५. **व्यवसाय कर:-** नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:-** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाईने र असुल गरिनेछ।

७. **विज्ञापन कर:-** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरञ्जन कर**: नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्क**: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका सेवामा अनुसूची (८) मा उल्लेख भए अनुसार हाट, बजार वा पसलमा सोहि अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ।

१०. **सेवाशुल्क, दस्तुर**: नगरपालिका निर्माण सञ्चालन वा व्यवस्थापन गरेका सेवामा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहि बाट अनुसूची (९) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल गरिनेछ।

११. **घर नक्सा पास तथा अभिलेख शुल्क**: नगरपालिकाभित्र निर्माण गरिने भौतिक संरचनाहरुमा अनुसूची (१०) बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

१२. **प्रदुषण नियन्त्रण तथा फोहोर मैला व्यवस्थापन शुल्क**: नगरपालिका भित्र अनुसूची ११ बमोजिमको फोहोर मैला व्यवस्थापन कर लागाईने र असूल गरिने छ।

१३. **निकासी पैठारी कर**: नगरपालिका बाहिर निकासी गरिने ढुङ्गा, बालुवा, गिट्टी अन्य बस्तुहरुमा अनुसूची (१२) बमोजिम कर लगाइने र असुल गरिनेछ।

१४. **सवारी साधन कर**ः नरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची(१३) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **प्राकृतिक श्रोत उपयोग तथा दहत्तर बहत्तर कर:-** (१) नगरपालिका भित्र नदिजन्य पदार्थ उत्खनन् बापतको दहत्तर बहत्तर बमोजिमको कर प्रदेश कानुन बमोजिम हुनेछ ।

(२) निजी जग्गाबाट प्राकृतिक श्रोत साधन उत्खनन् तथा बिक्री वितरणका प्रदेश कानुन बमोजिम कर लगाईनेछ।

१६. **दण्ड तथा जरिवाना दस्तुर:-** यस नगरपालिका भित्र अवैध तथा नियम विपरित नदिजन्य प्राकृतिक श्रोत साधनको चोरी निकासी गरेको पाईएमा अनुसूची (१४) बमोजिमको दण्ड तथा जरिवाना दस्तुर लाग्नेछ।

१७. **पार्किङ शुल्क**ः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची १५ बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१८. **ढुङ्गा गिट्टी बालुवाको राजश्व छुट सम्बन्धमा**:-नगरपालिका भित्र लगाईएका ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक श्रोतको घाटगद्दी (ठेक्का) गरी राजश्व उठाईएको अवस्थामा अदालतमा मुद्दा परि सम्झौताको शर्त बमोजिम राजश्व उठाउन सक्ने परिस्थिती नभएमा अदालतको आदेश समेतलाई आधार मानि नगरसभाबाट निर्णय गरि राजश्व छुट दिन, फिर्ता गर्न वा मिनाहा गर्न सकिनेछ।

१९. **कर छूट:-** यस ऐन बमोजिम कुनै व्यक्ति वा संस्थालाई कर छुट दिइने छैन तर २०८२ असोज मसान्त सम्म कर बुझाउन आएमा सो वर्षको विलम्ब शुल्क लाग्ने छैन र चालु आ.वको कर बाहेक कुल बक्यौता रकमको १० प्रतिशत र पौष मसान्त सम्म एकमुष्ट कर बुझाउन आएमा चालु आ.व.को कर बाहेक बक्यौता रकमको ५ % सम्म छुट दिन सकिने छ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:-** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनको लागि नगर कार्यापालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

२१. **विविध :** १) करका दर उल्लेख नभएकोमा कार्यपालिकाले तोके अनुसारको दर तोकिने छ।

**२)** बाहिरबाट सवारी साधन वा कुनै तरिकाले यस पालिकामा गुणस्तरहीन सामाग्री, अखाध्य सामाग्री, म्याद ग्रुजेका ओसार पसार गरेमा वा बेचविखन गरेमा सबै जफत गरिनेछ र सो वापत सवारी साधन अनुसार २००० देखि ५०००० सम्म जरिवाना गरिने छ।

३) फलफुल, तरकारी, पकाएको वा तयारी खाना/नास्ता सुरक्षित रुपमा नराखे वा सिसा सहितको र्‍याकमा ढोपीछोपी नराखेमा वा फोहोर वा सड्ने गरी राखेको पाइएमा रु १००० देखि ५००० सम्म जरिवाना गरी सो समान नष्ट गरिने छ।

**अनुसूची १**

**(दफा २ सँग सम्बन्धित सम्पत्ती कर)**

| **क्र.स.** | **क्षेत्र** | **प्रस्तावित** | **लागु हुने** |
|---|---|---|---|
| १ | बुर्तिबाङ बजार अन्तरगत पर्ने तुल्सीनगर, उपल्लो बजार, तल्लो बजार, भगवती टोल, पुरानो बसपार्क क्षेत्र, फाँट बजार र हस्पिटल लाईन(सिमसार)का २ तला सम्मका पक्की घर | रु. २५००/- | |
| २ | बुर्तिबाङ बजार अन्तरगत पर्ने तुल्सीनगर, उपल्लो बजार, तल्लो बजार, भगवती टोल, पुरानो बसपार्क क्षेत्र, फाँट बजार र हस्पिटल लाईन(सिमसार)का २ तला भन्दा माथि प्रतितला थप | रु. ४००/- | |
| ३ | बुर्तिबाङ बजार अन्तरगत पर्ने तुल्सीनगर, उपल्लो बजार, तल्लो बजार, भगवती टोल, पुरानो बसपार्क क्षेत्र, फाँट बजार र हस्पिटल लाईन(सिमसार)का कच्ची घरहरु | रु. १०००/- | |
| ४ | सोरबोट खप्परीबाङ, घमसिङ, झिङ्गलबारी, फुलबारी, रातामाटा, डाँडा, टारीखेत, सेरा, कुतथाप्ला, भवरेटा, पोखरीधारा, सालामकोट, दुले र खाराखेतमा रहेका पक्की घरको(दुईतला सम्म) | रु. १५००/- | |

| | | | |
|---|---|---|---|
| ५ | सोरबोट खप्परीबाङ, घमसिङ, झिङ्गलबारी, फुलबारी, रातामाटा, डाँडा, टारीखेत, सेरा, कुतथाप्ला, भवरेटा, पोखरीधारा, सालामकोट, दुले र खाराखेतमा रहेका पक्की घरको(दुई तला भन्दा माथि) प्रतितला थप | रु. २००/- | |
| ६ | सोरबोट खप्परीबाङ, घमसिङ, झिङ्गलबारी, फुलबारी, फुलबारी, रातामाटा, डाँडा, टारीखेत, सेरा, कुतथाप्ला, भवरेटा, पोखरीधारा, सालामकोट, दुले र खाराखेतमा रहेका कच्ची घरहरुको | रु. ५००/- | |
| ७ | माथि उल्लेख गरिएका स्थानहरुमा बाहेक ढोरपाटन नगरपालिकाको अन्य स्थानमा १ तला सम्म रहेका पक्की घरहरुको | रु. ७००/- | |
| ८ | माथि उल्लेख गरिएका स्थानहरुमा बाहेक ढोरपाटन नगरपालिकाको अन्य स्थानमा २ तला र २ तला भन्दा माथीका पक्की घरहरुको | रु.१०००/- | |
| ९ | माथि उल्लेख गरिएका स्थानहरुमा बाहेक ढोरपाटन नगरपालिकाको अन्य स्थानमा रहेका कच्ची घरहरुको | रु. २००/- | |
| **विलम्ब शुल्क -** पहिलो वर्ष १०% , दोस्रो वर्ष १५ %, तेस्रो वर्ष २० %, चौथो वर्ष २५ %, पाँचौ वर्ष ३० %, छैटौँ वर्ष ३५ %, र सो भन्दा पछि ५० % विलम्ब शुल्क लाग्नेछ । | | | |

**अनुसूची-२**

**(दफा ३ संग सम्बन्धित भुमी/मालपोत कर)**

| क्र.सं | भ-वर्गीकरण क्षेत्र | जग्गाको प्रकार | अब्बल | | दोयम | | सिम | | चाहार | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | न्यूनतम | प्रति रोपनी थप | न्यूनतम | प्रति रोपनी थप | न्यूनतम | प्रति रोपनी थप | न्यूनतम | प्रति रोपनी थप |
| १ | कृषि | | ३०० | ३० | २०० | २० | १०० | १५ | ५० | १० |
| २ | आवासीय | | ३५० | ३५ | २५० | ३० | २०० | २० | १०० | १५ |
| ३ | व्यवसायिक | | ४०० | ४० | ३५० | ३५ | २५० | २५ | २०० | २० |
| ४ | अन्य | | ३०० | ३० | २०० | २० | १०० | १५ | ५० | १० |
| **विलम्ब शुल्क -** पहिलो वर्ष १०% , दोस्रो वर्ष १५ %, तेस्रो वर्ष २० %, चौथो वर्ष २५ %, पाँचौ वर्ष ३० %, छैटौँ वर्ष ३५ %, र सो भन्दा पछि ५० % विलम्ब शुल्क लाग्नेछ । | | | | | | | | | | |

**नोटः न्युनतम भन्नाले कृषि क्षेत्रको लागि २ रोपनी सम्म र अन्य क्षेत्रलाई १ रोपनी सम्म सम्झिनु पर्नेछ ।**

**अनुसूची-३**

**(दफा ४ संग सम्बन्धित बहाल कर)**

ढोरपाटन नगरपालिका क्षेत्र भित्र घर/जग्गा बहालमा लगाएमा बहाल रकको १० प्रतिशतका दरले घर/जग्गा बहाल कर लगाईने छ र घर बहाल कर उठाए बापत सो रकमको ५० % रकम सोही क्षेत्रमा खर्च गरिनेछ र अत्यावश्यक सेवा बाहेक विजुली पानी तथा वडा र नगरपालिकाको सेवा प्रदान गर्दा वा कुनै सिफारिस गर्दा घर बहाल कर तिरेको रसिद पेश गर्नुपर्नेछ ।

अनुसूची-४

(दफा ५ संग सम्बन्धित)

(आ.व. २०८२/८३ को लागि सिफारिस गरिएका व्यवसाय करको दररेट )

| ठुलो व्यापार भ्याटमा दर्ता भएका | | | | |
|---|---|---|---|---|
| क्र.स. | व्यवसायको नाम | दर्ता शुल्क | व्यवसाय नविकरण | कैफियत |
| १ | मदिराजन्य पदार्थ डिलर | १०००० | ७५०० | |
| २ | सूर्तिजन्य पदार्थ डिलर | १०००० | ७५०० | |
| ३ | मल विउ विजन पसल(डिलर) | ३००० | २००० | |
| ४ | चाउचाउ डिलर | ७००० | ५००० | |
| ५ | कोक लगायत पेय पदार्थ डिलर | ८००० | ६००० | |
| ७ | हार्डवेर पसल तथा अधिकृत विक्रेता | १०००० | ८००० | |
| ८ | विस्कुट डिलर | ६५०० | ५००० | |
| ९ | खाद्य सामानको होलसेल | ७००० | ५००० | |
| १० | पेट्रोलीयम पदार्थ विक्रेता | २०००० | १५००० | |
| ११ | गाडी मोटरसाइकल तथा मोटर पार्टस विक्रेता | ७५०० | ६००० | |
| १२ | ठुला फेन्सी तथा कपडा पसल | ७००० | ६००० | लेखा परिक्षण प्रतिवेदनमा वार्षिक ३० लाख भन्दा बढीको कारोबारमा |
| १३ | ग्यास डिलर | ९००० | ७५०० | |
| १४ | चार्जिङ स्टेसन | ४००० | ३००० | |
| १५ | ठुला भाडा पसल तथा डिलर | ७००० | ५००० | |
| १५ | कानुनले एकै छानामुनी व्यवसाय गर्न नमिल्ने बाहेक अन्य संयुक्त डिलर दर्ता शुल्क १०,०००/- र नविकरण शुल्क ७५००/- | | | |
| खुद्रा व्यापार पानमा दर्ता भएको | | | | |
| १ | मझौला खाद्यन्न तथा किराना पसल | २००० | १५०० | |
| २ | मझौला खाद्यन्न तथा किराना पसल(ग्रामिन) | १२५० | १००० | |
| ३ | किराना पसल समान्य | ८०० | ५०० | |
| ४ | तरकारी फलफुल पसल | १५०० | १००० | |
| ५ | भाडाँ पसल खुद्रा | २००० | १५०० | |
| ६ | फोटो स्टुडियो | २००० | १५०० | |
| ७ | पान पसल | १००० | ६०० | |
| ८ | एग्रोभेट तथा भेटेनरी पसल | २००० | १५०० | |
| ९ | मल विउ बिजन पसल | १५०० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| १० | फेन्सी पसल | ३००० | २५०० | |
| ११ | फेन्सी पसल ग्रामिण | १५०० | १००० | |
| १२ | चल्ला तथा दाना पसल | ४००० | ३००० | |
| १३ | हजाम(स्वदेशी) | २००० | १५०० | |
| १४ | हजाम(विदेशी) | २५०० | २००० | |
| १५ | बार्वर/ट्याटु हाउस | ३००० | २००० | |
| १६ | हार्डवेर पसल ग्रामिण | ३००० | २५०० | |
| १७ | वासिङ सेन्टर(गाडी, मोटरसाईकल) | ३००० | २००० | |
| १८ | कानुनले एकै छानामुनी व्यवसाय गर्न नमिल्ने बाहेक अन्य संयुक्त पसल दर्ता शुल्क १०,०००/- र नविकरण शुल्क ७,५००/- | | | |
| सेवा शुल्क व्यवसाय | | | | |
| १ | निजी अस्पताल | २०००० | १५००० | |
| २ | क्लिनिक सहित औषधी विक्रेता | २०००० | १५००० | |
| ३ | औषधी विक्रेता डिलर फार्मेसी | १५००० | १०००० | |
| ४ | खुद्रा फार्मेसी | ८००० | ६००० | |
| ५ | क्लिनिक मेडिकल | १२५०० | १०००० | |
| ६ | डेन्टल क्लिनिक | १२५०० | १०००० | |
| ७ | कृषि मेसिनरी औजार पसल | ३००० | २००० | |
| ८ | अनुदानको रासायनिक मलको डिलर अनुमती | २००० | २००० | |
| ९ | ढुवानी सेवा | २००० | २००० | |
| १० | आखा उपचार केन्द्र सहित चस्मा पसल | ८००० | ६००० | |
| ११ | यातायात सेवा | ५००० | ५००० | |
| १२ | निजी विद्यालय मा.वि. | २०००० | १५००० | |
| १३ | निजी विद्यालय आधारभुत तह | १२५०० | १०००० | |
| १४ | मोन्टेस्वरी | ५००० | ३००० | |
| १५ | गैर नाफा मुलक संस्था | ३००० | ३००० | |
| १६ | ड्राइभिङ इन्ष्टिच्युट | ३००० | २००० | |
| १७ | कम्प्युटर इन्स्टिच्युट | ३००० | २००० | |
| १८ | ट्युसन सेन्टर | ३००० | २५०० | |
| १९ | इन्स्टिच्युट/कन्सल्टेन्सी | ४००० | ३००० | |
| २० | मोटरसाइकल वर्कसप | ४००० | ३००० | |
| २१ | गाडी ग्यारेज | १०००० | ७५०० | |
| २२ | व्युटी पार्लर | १५०० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | पानीपुरी चटपटे | २००० | २००० | |
| २४ | लेखापढी कानुनी व्यवसाय | ३००० | २५०० | |
| २५ | नाट्य कलाकेन्द्र | ३००० | २००० | |
| २६ | पुल हाउस | १५०० | १००० | |
| २७ | स्केट हाउस | ४००० | ३००० | |
| २८ | चिया, खाजाघर सामान्य होटेल | २५०० | १५०० | |
| २९ | रेष्टुरेन्ट, क्याफे | ३००० | २००० | |
| ३० | ठुला होटेल १५ वेड भन्दा माथि | १०००० | ८००० | |
| ३१ | मझौला होटेल १५ वेड सम्म | ५००० | ३००० | |
| ३२ | स्टेश्नरी | २००० | १५०० | |
| ३३ | इलेक्ट्रोनिक पसल | ३००० | २००० | |
| ३४ | घोडाचढी व्यवसाय | ५०० | ५०० | |
| ३५ | आयुर्वेद औषधालय | ९००० | ६००० | |
| ३६ | इन्टरनेट केवल सेवा | ६००० | ५००० | |
| ३७ | होमियोप्याथी औषधालय | ९००० | ६००० | |
| ३८ | पोलिक्लिनिक | १५००० | १०००० | |
| ३९ | हाउजिङ व्यवसाय | ७००० | ६००० | |
| ४० | फिल्म हल | ५००० | ४००० | |
| ४१ | फिट्नेस/जिम सेन्टर | ४००० | ३००० | |
| ४२ | बायो मेडिकल औजार केन्द्र | १०००० | ७००० | |
| ४३ | प्रयोगशाला सेवा घ | ६००० | ४००० | |
| ४४ | प्रयोगशाला सेवा ग | ८००० | ५००० | |
| ४५ | डायगोनिष्टिक सेवा | १०००० | ७००० | |
| उत्पादनमुलक उद्योग व्यवसाय | | | | |
| १ | स्टिल, मेटल, फर्निचर उद्योग, ग्रील उद्योग | ४००० | ३००० | |
| २ | कुटानी पिसानी मिल | २००० | १५०० | |
| ३ | पाउरोटी उद्योग | २५०० | २००० | |
| ४ | अपसेट प्रेस | २५०० | २००० | |
| ५ | फ्लेक्स प्रिन्ट | २००० | १५०० | |
| ६ | ब्लक /इटा उद्योग | ४००० | ३००० | |
| ७ | क्रसर उद्योग | ३०००० | २५००० | |
| ८ | सुनचादी व्यवसाय | ४००० | ३५०० | |
| ९ | मिष्ठान्न भण्डार/दुध डेरी | २५०० | २००० | |
| १० | कृषी फर्म | ७५० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | पशु फर्म | ७५० | ५०० | |
| १२ | कृषी तथा पशु फर्म | १२५० | १००० | |
| १३ | पोल्ट्री फर्म | २५०० | २००० | |
| १४ | कृषी समुह दर्ता | १००० | १००० | |
| १५ | उपभोक्ता संस्था/ आमा समूह/ टोल विकास संस्था अन्य सामान्य ममिति दर्ता | ५०० | ५०० | |
| १६ | खानेपानी मुहान दर्ता | २००० | १५०० | |
| १७ | टेलर्स | १५०० | १००० | |
| १८ | बुटिक पसल | २५०० | २००० | |
| १९ | आरन व्यवसाय | ५०० | ५०० | |
| २० | टायर पसल | ३००० | २००० | |
| २१ | लन्ड्री | ३००० | २००० | |
| २२ | साईकल पसल | ३००० | २००० | |
| २३ | आइसक्रिम बिक्रेता | १५०० | १००० | |
| २४ | पुरानो कपडाबाट उत्पादन गर्ने कपास उद्योग | २५०० | २००० | |
| २५ | बाहिरबाट आउने आधिकारिक उद्योग डिलरहरुले आफ्नो भ्याट बिल लिई आफ्नो ब्राण्ड विज्ञापन गर्न आएमा ढोरपाटन उद्योग वाणिज्य संघको समन्वयमा बढीमा १ दिनको लागि विज्ञापन गर्न दिने र अन्यलाई उ.वा.संघको अनुरोध र समन्वयमा ढोरपाटन नगरपालिकाको नियमानुसार कर वा जरिवाना असुल गरिनेछ। | | | |
| २६ | पटके घुम्ती व्यवसाय भ्यान तथा पिकपमा व्यवसाय गर्ने प्रत्येक दिनको रु. २००० र ३ दिनको लागि रु.४००० | | | |
| २७ | पटके घुम्ती व्यवसाय स्वयम व्यक्ति टाउकोमा काधमा बोकी व्यवसाय गर्ने प्रत्येक दिनको रु.५००, र ३ दिनको लागि रु.७०० | | | |
| | उर्जामुलक उद्योग व्यवसाय | | | |
| १ | निजी लघु जलविद्युत २० कि.वा. सम्म | ५००० | ४००० | |
| २ | निजी लघु जलविद्युत २१-५० कि.वा. सम्म | ७००० | ५००० | |
| ३ | निजी लघु जलविद्युत ५० कि.वा. भन्दा माथि | १२५०० | १०००० | |
| ४ | निजी लघु जलविद्युत ५० कि.वा. भन्दा माथि थप प्रति के.वा. | २०० | २०० | |
| **निर्माण व्यवसाय :** | | | | |
| १ | घ बर्गको निर्माण व्यवसाय अनुमति | २०००० | १५००० | |
| वैंक तथा वित्तिय संस्थाहरुको स्थानीय तहमा संचालन/कारोवार गर्न अनुमति | | | | |
| ९ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्न बाणिज्य वैंकहरु | | २०००० | |

| | | | | |
|---|---|---|---|---|
| १० | **विकास वैंक** | | १५००० | |
| ११ | **लघुवित्त** | १२००० | १०००० | |
| १२ | **सहकारी** | १०००० | ८००० | |
| १३ | **विमा कम्पनी** | १२००० | १०००० | |

यस अन्तरगत समावेस नभएका अन्य व्यवसायहरु :

| क्र.स. | व्यवसाय पुजी | व्यवसाय दर्ता | नविकरण | |
|---|---|---|---|---|
| १ | **५ लाख सम्म पुजी भएको** | ७५० | ५०० | |
| २ | **५ लाख देखि १० लाख सम्मको पुजी भएको** | १००० | ७५० | |
| ३ | **१० खाख दखि २० लाख सम्म पुजी भएको** | २००० | १५०० | |
| ४ | **२० लाख देखि ३० लाख सम्म पुजी भएको** | ३००० | २००० | |
| ५ | **३० लाख देखि ५० लाख सम्म पुजी भएको** | ६००० | ४००० | |
| ६ | **५० लाख देखि माथी पुजी भएको** | १०००० | ८००० | |

**विलम्ब शुल्क - पहिलो वर्ष १०% , दोस्रो वर्ष १५ %, तेस्रो वर्ष २० %, चौथो वर्ष २५ %, पाँचौ वर्ष ३० %, छैटौँ वर्ष ३५ %, र सो भन्दा पछि ५० % विलम्ब शुल्क लाग्नेछ ।**

## अनुसूची-५
## (दफा ६ संग सम्बन्धित)
## ढोरपाटन नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने कवाडीको दररेट

१. स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुन प्रयोग गर्न देहाय बमोजिमका बस्तुमा देहाय बमोजिमको करको दर

| क्र.स. | कवाडी वस्तु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | **खाली सीसी वियर बोतको साइज हेरी** | **प्रति गोटा** | **रु. १।००** | |
| २ | **खाली सीसी मदिरा र अन्य ५०० एम एल भन्दा माथि** | **प्रति गोटा** | **५० पैसा** | |
| ३ | **खाली सीसी मदिरा र अन्य ५०० एम एल भन्दा तल** | **प्रति गोटा** | **४० पैसा** | |
| ४ | **प्लास्टिक (बोतल, भाडाकुडा, पुराना जुत्ता चप्पल, ग्यालिन र जर्किन आदि)** | **प्रति के.जी.** | **रु. ५।००** | |
| ५ | **खाली बोरा ५० केजी सम्म खाद्यन्न अट्ने प्लास्टिक बोरा** | **प्रति गोटा** | **रु. ३।००** | |

| | | | | |
|---|---|---|---|---|
| ७ | खाली बोरा ५० केजी सम्म खाद्यन्न अट्ने जुटको बोरा | प्रति गोटा | रु. ५।०० | |
| | खाली बोरा १०० केजी सम्मका खाद्यन्न अट्ने जुटका बोरा | प्रति गोटा | रु. ७।०० | |
| | तेलको टिन<br>क. १० लिटरभन्दा माथि<br>ख. १० लिटर भन्दा कम | <br>प्रति गोटा<br>प्रति गोटा | <br>रु. १०।००<br>रु. ५।०० | |
| | राजस्व परामर्श समितिको सिफारिस बमोजिमका अन्य खनिजजन्य पदार्थहरु | नरगर कार्यपालिकाले तोके बमोजिमको हुने छ। | | |

२. पूनः प्रशोधन(रिसाइकलिङ) गरी पूनः प्रयोग हुन सक्ने देहाय बमोजिमका कवाडी मालसामानहरुमा लगाउने करको दर

| क्र.स. | कवाडी वस्तु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | झिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा) | प्रति के.जी. | रु. ५।०० | |
| २ | गार्मेन्टको कपडाका टुक्रा | प्रति के.जी. | रु. ३।०० | |
| ३ | जलेको मोविल | प्रति लिटर | रु. १०।०० | |
| ४ | जुट र प्लास्टिक बोरा | प्रति के.जी. | रु. ३।०० | |
| ५ | कार्पेटको टुक्रा | प्रति के.जी. | रु. २।०० | |
| ७ | टायर ट्युव | प्रति के.जी. | रु. २।०० | |
| ८ | पुरानो ड्रम | प्रति के.जी. | रु. १५।०० | |
| ९ | धातुका टुक्राहरु र पत्रभई काम नलाग्ने भएका धातुका सामानहरुः<br>क. फलाम<br>ख. अन्य धातु(पित्तल, तामा) आदि<br>ग. थोत्रिएका काम नलाग्ने मेशिनरी औजार | <br>प्रति के.जी.<br>प्रति के.जी.<br>प्रति के.जी. | <br>रु. ३०।००<br>रु. ४००।००/६००।००<br>रु. ३०।०० | |
| १० | थोत्रो टिन ग्यावीन जालि | प्रति के.जी. | रु.१५।०० | |
| ११ | पुरानो कागजहरु अखवार(न्युज प्रिन्ट) कार्टुनहरु समेत | प्रति के.जी. | रु. ५।०० | |
| १२ | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | रु. ५।०० | |
| १३ | सिसा(लिड) को धुलो वा टुक्राहरु | प्रति के.जी. | रु. २०।०० | |
| १४ | काँचका धुलो र टुक्रा | प्रति के.जी. | रु. २।०० | |

| | | | | |
|---|---|---|---|---|
| १५ | **प्रचलित कानुनले निषेधित गरे बाहेकका पंक्षीहरुः जस्तै हाँस , कुखुरा जस्ता पंक्षीहरुको प्वाँख** | **प्रति के.जी.** | **रु.५।००** | |
| १६ | **प्रचलित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुकाः**<br>**क. हाड**<br>**ख. सिङ**<br>**ग. खुर**<br>**घ. छाला(ठुलो)**<br>**ङ. छाला (सानो)** | <br><br><br>**प्रति के.जी.**<br>**प्रति के.जी.**<br>**प्रति के.जी.**<br>**प्रति गोटा**<br>**प्रति गोटा** | <br><br><br>**रु. २।००**<br>**रु. २।००**<br>**रु. २।००**<br>**रु. ३०।००**<br>**रु. १५।००** | |
| १७ | **रबर** | **प्रति के.जी.** | **रु. ५।००** | |
| १८ | **आल्मुनियम** | **प्रति के.जी.** | **रु. १००।००** | |
| १९ | **राजस्व परामर्श समितिको सिफारिस बमोजिमका अन्य खनिजजन्य पदार्थहरु** | **नगगर कार्यपालिकाले तोके बमोजिमको हुने छ।** | | |

माथि उल्लेखित कवाडी माल बस्तुहरुको निकासी कर न्युनतम रु. ४,००,०००/- अक्षरुपी चार लाख मात्र को ठेक्का गरिनेछ। तर रु ४०००००/- मा टेण्डर नपरेमा वा सो रकममा टेन्डर व्यवस्था हुन नसकेमा कार्यपालिकाको निर्णयले तोकेअनुसारको दरमा ठेक्का गरिनेछ। खाली सिसाको बोतल र आल्मुनियम/टिनको खाली बोतल अनिवार्य रुपमा उठाउनुपर्नेछ।

**अनुसूची-६**

**(दफा ७ संग सम्बन्धित)**

**ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाईने विज्ञापन कर।**

| क्र.स. | वाल/डिजिटल/होडिङ बार्डको आकार | इकाइ | बोर्ड र वालको कर | डिजिटल बोर्डको कर |
|---|---|---|---|---|
| १. | ३/४ फिटसम्म | फिट | रु. २००० | रु. ३०००/- |
| २ | ६/१० फिटसम्म | फिट | रु. ३५०० | रु. ४५००/- |
| ३ | सो भन्दा ठुलो वाल र वोर्डको प्रति | वर्ग फिट | रु. १५० | |
| ४ | सो भन्दा बढीको डिजिटल बोर्ड | | | रु ६०००/- |

**अनुसूची-७**

**(दफा ८ संग सम्बन्धित)**

**ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाईने मनोरञ्जन कर**

| मनोरञ्जन कर | |
|---|---|
| जुनसुकै प्रकारका मनोरञ्जनात्मक क्रियाकलाप संचालन गर्दाका अवस्थामा | टिकटको मूल्यको ५ प्रतिशतका दरले |

## अनुसूची-८

**(दफा ९ संग सम्बन्धित)**

**ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाईने वहाल बिटौरी कर**

१. ऐलानी, वन तथा  अन्य सार्वजनिक जग्गाहरुमा बनेका कच्ची घरहरुको रु. ३००।००

२. ऐलानी, वन तथा  अन्य सार्वजनिक जग्गाहरुमा बनेका पक्की घरहरुको रु. ५००।००

३. ऐलानी, वन तथा  अन्य सार्वजनिक जग्गाहरु उपभोग गरे बापत नम्बरी जग्गा नभएकाहरुको लागि न्युनतम रु. १०० रुपैया र १ रोपनी भन्दा माथि  प्रति रोपनी थप रु. ५० ।

४. ऐलानी, वन तथा  अन्य सार्वजनिक जग्गाहरु उपभोग गरे बापत नम्बरी जग्गा भएकाहरुको लागि न्युनतम रु. २०० रुपैया र १ रोपनी भन्दा माथि  प्रति रोपनी थप रु. १०० ।..

## अनुसूची-९

**(दफा १० संग सम्बन्धित)**

**ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाईने सेवा शुल्क दस्तुर**

१.   सिफारिस तथा प्रमाणित दस्तुर

| क्र.स. | विषय | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्रको सिफारिस | रु. २००/- | |
| २ | अंगिकृत नेपाली नागरिकताको प्रमाणतपत्र सिफारिस | रु. १०००/- | |
| ३ | नेपाली नागरिकताको प्रतिलिपी सिफारिस | रु. ४००/- | |
| ४ | नावालिक परिचयपत्र सिफारिस | रु. ३००/- | |
| ५ | दुई नाम थर प्रमाणित सिफारिस | रु. ३००/- | |
| ६ | आदिवासी जनजाती, दलित तथा अन्य जातजाती प्रमाणित सिफारिस | रु. ३५०/- | |
| ७ | नाता प्रमाणित दस्तुर | रु. ४००/- | |
| ८ | नाता प्रमाणित (अङ्ग्रेजी) | रु.५००/- | |
| ९ | धारा, खानेपानी जडान सिफारिस | रु. २००/- | |
| १० | विद्युत जडान सिफारिस | रु. ५००/- | |
| ११ | चरित्र सिफारिस दस्तुर | रु. २००/- | |
| १२ | कन्सुलर प्रमाणित दस्तुर | रु. १०००/- | |
| १३ | वैदेशिक सिफारिस भारतको लागि | रु. ३००/- | |
| १४ | अङ्ग्रेजी सिफारिस तथा प्रमाणित दस्तुर(आय स्रोत र सम्पत्ती मुल्याङ्कन बाहेक) | रु. ५००/- | |
| १५ | चारकिल्ला प्रमाणित दस्तुर | रु. ३५०/- | |
| १६ | घरगोठ(घरबाटो) प्रमाणित दस्तुर दफा अन्तरगत पर्ने | रु. ६००/- | |

| | | | |
|---|---|---|---|
| १७ | घरगोठ(घरबाटो) प्रमाणित दस्तुर अन्य | रु. ५००/- | |
| १८ | घर कायम सिफारिस दस्तुर | रु. ५००/- | |
| १९ | मोठ कायम सिफारिस पक्की घर | रु. ५००/- | |
| २० | मोठ कायम सिफरिस कच्ची घर | रु. २००/- | |
| २१ | टेलिफान सिफारिस | रु. २००/- | |
| २२ | जन्म, मृत्यु, विवाह, अविवाहित प्रमाणित दस्तुर | रु. ४००/- | |
| २३ | जन्म, मृत्यु, विवाह, अविवाहित प्रमाणित(अङ्ग्रेजी) | रु. ५००/- | |
| २४ | सबै खाले अङ्ग्रेजी भाषाका सिफारिसहरु | रु. ५००/- | |
| २५ | ठेगाना प्रमाणित | रु. ५००/- | |
| २६ | कर चुक्ता प्रमाणति १ आ.व. को | रु. ५००/- | |
| २७ | बार्षिक आयस्रोत प्रमाणित | ०.०८ % | यसको अभिलेख राख्नुपर्नेछ। |
| | बार्षिक आयस्रोत प्रमाणित शैक्षिक प्रयोजन | ०.०५% | |
| २८ | सम्पत्ती मूल्याङ्कन | ०.०५ % | |
| २९ | स्पस्टिकरण पत्र अङ्ग्रेजी | रु. ५००/- | |
| ३० | पेशा प्रमाणित नेपाली | रु. ५००/- | |
| ३१ | थर प्रमाणित | रु. २००/- | |
| ३२ | शैक्षिक योग्यता प्रमाणित | रु. ५००/- | |
| ३३ | कागजात प्रमाणित नेपाली | रु. ५००/- | |
| ३४ | अन्य कागजात प्रमाणित अङ्ग्रेजी | रु. ७००/- | |
| ३५ | तीन पुस्ते प्रमाणित | रु. ३००/- | |
| ३६ | मिलापत्र दस्तुर | रु. ५०० र विगो रकमको ०.८ % | |
| ३७ | व्यवसाय दर्ता प्रमाणपत्र | रु. ५००/- | |
| ३८ | व्यवसाय नामसारी सिफारिस | रु. २००/- | |
| ३९ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी | रु. ५००/- | |
| ४० | वडा सर्जमिन मुचुल्का | रु. ३००/- | |
| ४१ | मदिरा तथा उद्योग व्यवसाय दर्ता सम्बन्धि सर्जमिन | रु. १०००/- | |
| ४२ | जग्गा प्लटिङ सिफारिस | रु. ५०००/- | |
| ४३ | जग्गा एकिकरण सिफारिस | रु. ५००/- | |
| ४४ | संस्था दर्ता सिफरिस नगरपालिकाको लागि | रु. २००/- | |
| ४५ | संस्था दर्ता सिफारिस अन्य निकायको लागि | रु. ५००/- | |
| ४६ | रकम असुल उपर गर्नु पर्ने भए कुल रकमको | ०.०५% | |
| ४७ | वन पैदावार सम्बन्धी सिफारिस | रु. ५००/- | |

| | | | |
|---|---|---|---|
| ४८ | पेन्सन सिफारिस नेपाली | रु. ५००/- | |
| ४९ | पेन्सन सिफारिस भारत लगायत अन्य मुलकको | रु. १०००/- | |
| ५० | निजी विद्यालय संचालन अनुमती आधारभूत तह | रु. १०००/- | |
| ५१ | निजी विद्यालय संचालन अनुमती माध्यमिक तह | रु. २०००/- | |
| ५२ | घर जग्गा नामसारी सिफारिस | रु. ५००/- | |
| ५३ | जग्गा हदबन्दी फुकुवा सिफारिस | रु. १०००/- | |
| ५४ | नाम थर संसोधन सिफारिस | रु. ५००/- | |
| ५५ | पारिवारि विवरण सिफारिस | रु. ५००/- | |
| ५६ | न्यायिक समितिमा उजुरी दर्ता | रु. १००/- | |
| ५७ | कपाली तमशुक प्रमाणित | ०.०५ % | |
| ५८ | अपांगता परिचयपत्र सिफारिस | निःशुल्क | |
| ५९ | विपन्नता/आर्थिक सहयोग/विरामी सिफारिस | निःशुल्क | |
| ६० | वडाबाट नगरपालिकामा गरिने चिठीपत्र तथा योजना सम्बन्धी सिफारिसहरु(बजेट विनियोजन भएको योजनामा बाहेक) | निःशुल्क | |
| ६१ | सार्वजनिक हितको लागि विभिन्न निकायमा गरिने सिफारिसहरु | निःशुल्क | |
| ६२ | साधारण सिफारिस दस्तुर | रु. २००/- | |
| ६३ | फर्म सूचिकृत दस्तुर | रु. ५००/- | |
| **२. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा** | | | |
| १ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | रु. २००/- | |
| २ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपी | रु. ५००/- | |
| ३ | व्यक्तिगत घटना दर्ता अभिलेख हेरेको | रु. १००/- | |
| ४ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| ५ | सामाजिक सुरक्षा भत्ता परिचयपत्र | निःशुल्क | |
| ६ | सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी | रु. १५०/- | |
| ७ | व्यक्तिगत घटना दर्ताको अभिलेखको विवरण सिफारिस | रु. २००/- | |
| **माथि लेखिएका बाहेक छुटेका वा अन्य सबै किसिमका सिफारिस वा प्रमाणित बापत रु. ५०० सेवा शुल्क दस्तुर लाग्नेछ ।** | | | |

## अनुसूची-१०

### (दफा ११ संग सम्बन्धित)

### ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाईने घर नक्सा पास तथा घर नक्सा अभिलेख शुल्क

| क्र.स. | शीर्षक | शुल्क | |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | घर नक्सा पास निवेदन | रु. १५००/- | |
| २ | नक्सा पास ९०० स्क्वायर फुट सम्मको | रु. ३०००/- | |
| ३ | ९०१ स्क्वायर फिट भन्दा माथिको प्रति बर्गफिट | रु. ५/- | |
| घर नक्सा अभिलेख/घर कायम/घर नियमित | | | |
| १ | घर नक्सा अभिलेख/घर कायम/घर नियमित निवेदन | रु. ५००/- | |
| २ | नक्सा पास ९०० स्क्वायर फुट सम्मको | रु. १०००/- | |
| ३ | ९०१ स्क्वायर फिट भन्दा माथिको प्रति बर्गफिट | रु. २/- | |
| १) घर नक्सा अभिलेख/घर कायम/घर नियमितलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ४२ को घ अनुसार कुल रकमको तेब्बर दस्तुर लिने। २) २०८२/०४/०१ देखि घर नक्सा पास नगरी घर बनाउन पाईने छैन र घर नक्सा अभिलेख वा घर कायम वा घर नियमित गरी नक्सा अभिलेखिकरण गर्नुपर्नेछ। सो नगरे वडा तथा नगरपालिकाबाट दिइने अति आवश्यक सेवा बाहेक अन्य सरकारी सेवा दिइने छैन। | | | |

**व्यक्तिगत जग्गा नापजाँच र कित्ताको चौकिल्ला छुट्याउने प्रयोजनको लागि राजश्व रकम प्रति कित्ता(नँया घर, नक्सा पास  र घर कायम बाहेक) रु. १५०० र प्रति कित्ता थप रु.५०० लाग्नेछ।**

## अनुसूची-११

**(दफा १२ संग सम्बन्धित)**

**ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाईने प्रदुषण नियन्त्रण:फोहोरमैला व्यवस्थापन शुल्क**

| आवास प्रयोजनका घरहरु | | | |
|---|---|---|---|
| क्र.स. | घर | मासिक शुल्क | कैफियत |
| १ | साधारण एकतले कच्ची घर | रु. ५० | |
| २ | तीन तला सम्मको कच्ची घर | रु. १०० | |
| ३ | दुई तला सम्मको पक्की घर | रु. १५० | |
| ४ | दुई तला भन्दा माथिका पक्की घरहरु | रु. २०० | |
| व्यवसाय प्रयोजनका घरहरु | | | |
| १ | खाजा घर | रु. १००/- | |
| २ | होटल तथा रेष्टुरेन्ट | रु. ३००/- | |
| ३ | फलफुल तथा तरकारी पसल | रु. २५०/- | |
| ४ | मोवाईल, इलेक्ट्रोनिक्स पसल | रु. १००/- | |
| ५ | खाद्यन्न तथा किराना पसल तथा खुद्रा विक्रेता | रु. १५०/- | |
| ६ | निजी औषधी पसल तथा निजी अस्पताल | रु. ४००/- | |
| ७ | मासु पसल | रु. २००/- | |
| ८ | अन्य सबै किसिमका साना पसल | रु. ८०/- | |

| | | | |
|---|---|---|---|
| ९ | अन्य सबै किसिमका ठुला पसल | रु. १००/- | |
| १० | बैंक, वित्तिय संस्था तथा विमा कम्पनी | रु. १५०/- | |

१. असोज मसान्तसम्म चालु आ.व.को पुरै शुल्क भुक्तानी गरेमा १०% छुट हुनेछ।

२. मासिक रुपमा असार मसान्त सम्म शुल्क बुझाएमा विलम्ब शुल्क लाग्ने छैन।

**विलम्ब शुल्क -** पहिलो वर्ष १०% , दोस्रो वर्ष १५ %, तेस्रो वर्ष २० %, चौथो वर्ष २५ %, पाँचौ वर्ष ३० %, छैटौँ वर्ष ३५ %, र सो भन्दा पछि ५० % विलम्ब शुल्क लाग्नेछ।

## अनुसूची-१२

### (दफा १३ संग सम्बन्धित)

### ढोरपाटन नगरपालिका क्षेत्रबाट बाहिर निकासी पैठारी गर्ने माल/बस्तुमा लागईने निकासी/पैठारी कर

| क्र.स. | माल/ बस्तु | लाग्ने शुल्क रुपैयामा | |
|---|---|---|---|
| **१.** | **स्पेशल कटिङ्ग ढुङ्गा प्रति गोटा** | **२५ पैसा** | भित्तामा टाँस्ने कट पिस |
| **२.** | **लोकल ढुङ्गा प्रति घनमिटर** | **४०।** | |
| **३.** | **वालुवा प्रति घनमिटर** | **५५।** | |
| **४.** | **गिट्टी/चोकर प्रति घनमिटर** | **५५।** | |
| **५.** | **भेडा/बाख्रा प्रति गोटा** | **३०।** | |
| ९ | लोकल रातो माटो प्रति घनमिटर | ३०। | |
| १० | लोकल कालो माटो प्रति घन मिटर | २५। | |
| ११ | भास्कट प्रति घन मिटर | ३०। | |
| १२ | बंगुर प्रति गोटा | २००/- | |
| १३ | घोडा/घोडी प्रति गोटा | ५००/- | |

तर प्रदेश कानुन बनी लागु भएको अवस्थामा प्रदेश कानुन बमोजिम हुनेछ।

## अनुसूची-१३

### (दफा १४ संग सम्बन्धित)

### ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाइने सवारी साधन कर

| क्र.स. | सवारी साधनको नाम | लाग्ने बार्षिक शुल्क रुपैयामा | |
|---|---|---|---|
| १ | ई रिक्सा अनुमति | १५००/- | |
| २ | टेम्पो अनुमति | १५००/- | |
| ३ | ट्याक्टर व्यवसाय दर्ता | १०० | |
| ४ | पिकअप व्यवसाय दर्ता | १०० | |
| ५ | मिनी ट्रक व्यवसाय दर्ता | १५० | |
| ६ | ट्रिपर र ट्रक व्यवसाय दर्ता | २०० | |
| ७ | जे.सि.बि व्यवसाय दर्ता | ५०० | |

| | | | |
|---|---|---|---|
| ८ | स्काभेटर मेशिन व्यवसाय दर्ता | १००० | |
| ९ | क्रेन टुचिङ व्यवसाय दर्ता | १५०० | |

**अनुसूची १४**
**(दफा १६ सँग सम्बन्धित)**

| **क्र.स.** | **नियम विपरीत नदिजन्य प्राकृतिक श्रोत साधनको चोरी निकासी गरे बापत लाग्ने दण्ड तथा जरिवाना दस्तुर** | | **दस्तुर** |
|---|---|---|---|
| १. | ट्र्याक्टर | प्रथम पटक | ७०००। |
| | मिनि टिप्पर | प्रथम पटक | ८०००/- |
| २. | ट्रक/टिप्पर | प्रथम पटक | १००००। |
| ३. | ब्याक हो लोडर | प्रथम पटक | ८०००। |
| ४. | ब्याक हो लोडर | दोस्रो पटक | १२०००। |
| ५. | एक्साभेटर | प्रथम पटक | १५०००। |
| ६. | एक्साभेटर | दोस्रो पटक | २५०००। |

प्रदेश कानुन बनी कार्यान्वयन भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**अनुसूची-१५**
**(दफा १७ संग सम्बन्धित)**
**ढोरपाटन नगरपालिका क्षेत्र भित्र लगाइने पार्किङ शुल्क**

| क्र.स. | सवारी साधनको नाम | लाग्ने बार्षिक शुल्क रुपैयामा | |
|---|---|---|---|
| १ | ठुला सवारी साधन एक पटक(बस, ट्रक, टिप्पर,) | २५/- | |
| २ | साना सवारी साधन एक पटक(जिप,पिकप,भ्यान,ट्र्याक्टर) | २०/- | |
| ३ | मोटरसाईकल, स्कुटर, रिक्सा एक पटक | १०/- | |

**प्रमाणिकरण मिति : २०८२।०३।१०**

**धन बहादुर कायत**
**सभाध्यक्ष**